# गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.

## GUHESWORI MERCHANT BANKING & FINANCE LTD.

(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त राष्ट्रियस्तरको "ग" वर्गको वित्तीय संस्था)


**पत्र संख्याः** १३०४/२०७९/२०८० **मितिः** २०७९/१०/०४

श्रीमान कम्पनी रजिष्ट्रारज्यू,
कम्पनी रजिष्ट्रार कार्यालय,
त्रिपुरेश्वर,काठमाण्डौ ।

विषय - वार्षिक साधारण सभाको सुचना बारे ।

महोदय,

उपरोक्त विषय यस वित्तीय संस्थाको २०७९/१०/०२ गते साँझको ४:३० बजे बसेको संचालक समितीको २४७ औं बैठकबाट संस्थाको २१ औं वार्षिक साधारण सभा मिति २०७९/१०/२७ मा संस्थाको आफ्नै गुहेश्वरी भवन, पुल्चोक, ललितपुरमा बिहानको १०:०० बजे गर्ने निर्णय भई सो को सुचना मिति २०७९/१०/०४ गतेको राष्ट्रिय दैनिक "कारोबार" पत्रिकामा प्रकाशित गरेकोमा सो को प्रतिलिपि यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध गर्दछौं ।

**संलग्न** :

१. पत्रिकामा प्रकाशित २१ औं वार्षिक साधारण सभाको सुचना थान - १

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा बित्तीय संस्था नियमन बिभाग, बालुवाटार, काठमाडौं ।
२. श्री नेपाल राष्ट्र बैंक, बित्त कम्पनी सुपरिबेक्षण बिभाग, बालुवाटार, काठमाडौं ।
३. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
४. श्री नेपाल स्टक एक्सचेञ्ज लि., सिंहदरवार, काठमाडौं ।
५. श्री सि.डि.एस.सि.एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं ।

भवदीय,

राजेश कुमार श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव


प्रधान कार्यालयः गुहेश्वरी भवन, पुल्चोक, हरिहर भवन, ललितपुर ।
पो.ब.नं. ८९७५, ई.पि.सी.: ४४६, ☎ : ५४५०४०६, ५४३७४०७, फ्याक्सः ५४३६१६९
Email: gmbf@gmbf.com.np, URL: www.gmbf.com.np

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| हेटौडा शाखा | : अजरअमर रोड, हेटौडा | ☎ ०५७-५२६४०३, ५२६४०४ | नारायणघाट शाखा | : शहिद चोक | ☎ ०५६-५२५९१३, ५२५८१३ | पथरी शाखा | : पथरी शनिश्चरे, मोरङ्ग | ☎ ०२१-५५६१४८, ५५६१४९ |
| वौद्ध शाखा | : बौद्ध, काठमाडौं | ☎ ०१-४४८९००३,४४९०४२२ | भैरहवा शाखा | : देवकोटा चोक | ☎ ०७१-५७११३४, ५७११३५ | तौलिहवा शाखा | : कपिलवस्तु | ☎ ०७६-५६१११२, ५६१११३ |
| बिरगंज शाखा | : आदर्शनगर, बिरगंज | ☎ ०५१-५२६९०१,५२६९०२ | बुटवल शाखा | : अमरपथ | ☎ ०७१-५४०१३६, ५४०१३७ | पोखरा शाखा | : न्यूरोड, पोखरा | ☎ ०६१-५३१०६३, ५३१०६४ |
| चाराली शाखा | : चाराली चोक, झापा | ☎ ०२३-४६०६९०,४६०५८८ | चन्द्रनिगाहपुर शाखा | : दुर्गा चोक | ☎ ०५५-५४०४२०, ५४०४९१ | महेन्द्रनगर शाखा | : सखवा, धनषा | ☎ ९८५४०२३८८२ |

# गुहेश्वरी मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.

## एक्काइसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/१०/०४

शेयरधनी महानुभावहरु,
मिति २०७९/१०/०२ मा बसेको संचालक समितिको २४७ औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको एक्काईसौं वार्षिक साधारण सभा निम्न विषयहरु उपर छलफल गर्न निम्न मिति, स्थान र समयमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थान**
मिति : २०७९/१०/२७ गते शुक्रबार (तदनुसार १० फ्रेबुअरी २०२३)
समय : १०:०० बजे
स्थान : गुहेश्वरी भवन, हरिहर भवन, ललितपुर

### साधारण सभामा पेश हुने छलफलका विषयहरु :

**(क) सामान्य प्रस्तावहरु :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
२. लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व.२०७८/०७९ को वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु माथि छलफल गरि पारित गर्ने ।
३. लेखा परिक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. २०७९/०८० को लागि लेखा परिक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरिक्षक श्री एन.अमात्य एण्ड कम्पनी पुनः नियुक्तिको लागि योग्य ।)
४. संस्थाको संस्थापक शेयरधनी तर्फबाट ३ जना तथा सर्वसाधारण शेयरधनी तर्फबाट २ जना संचालक पदमा निर्वाचन गर्ने र स्वतन्त्र संचालक पदमा १ जना मनोनित गर्ने ।
५. संचालक समितिले प्रस्ताव गरे अनुसार हालको चुक्ता पुँजीको ०.३४% ले हुन आउने नगद लाभांश रु.३२,५१,३६८/४२ (अक्षेरुपी बत्तीस लाख एकाउन्न हजार तीन सय अठसाठ्ठी र पैसा बयालीस मात्र) (बोनस शेयर तथा नगद लाभांश कर प्रयोजन) वितरण गर्ने ।

**(ख) विशेष प्रस्तावहरु:**

१. संचालक समितिले प्रस्ताव गरे अनुसार हालको चुक्ता पुँजीको ६.५०% ले रु.६,१७,७६,०००/-(अक्षेरुपी छ करोड सत्र लाख छ्यहत्तर हजार मात्र) बराबरको बोनस शेयर बितरण गर्ने र सो पश्चात् अधिकृत पुँजी, जारी पुँजी र चुक्ता पुँजी बृद्धि हुने भएकोले सोही बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।
२. नेपाल राष्ट्र बैंक तथा कम्पनी रजिष्ट्रार कार्यालय तथा सम्बन्धित निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा संसोधन तथा प्राप्त हुने निर्देशन कार्यान्वयन गर्न संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।
३. यस वित्तीय संस्था तथा अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा मर्जर (गाभ्ने/गाभिने) गर्ने/गराउने एक वा एक भन्दा उपयुक्त वित्तीय संस्थाहरु प्राप्ती (एक्वीजिशन) गर्ने वा जाने सम्बन्धमा प्रचलित ऐन, कानुन, नीति, नियम तथा निर्देशन अनुसार गर्नु पर्ने सम्पूर्ण कार्य गर्न गराउन संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध**

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

### साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस (कोभिड १९) को महामारी रोकथाम तथा नियन्त्रणका लागि सभामा सहभागी हुनु हुने शेयरधनी महानुभावहरुले मास्क, पन्जा लगायतका न्यूनतम सुरक्षाको सामाग्रीहरु प्रयोग गरी सहभागी भई दिनुहुन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई विशेष अनुरोध छ । शेयरधनी उपस्थित पुस्तिका विहान ९:०० बजे देखि साधारण सभा सम्पन्न नभए सम्मका लागि खुल्ला रहनेछ ।
२. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न चाहने शेयरधनीहरुले प्रतिनिधि पत्र (प्रोक्सी फारामहरु) २०७९/१०/२४ सम्ममा कार्यालय समय भित्र यस वित्तीय संस्थाको प्रधान कार्यालय पुल्चोक, ललितपुरमा उपस्थित भई दर्ता गरी सक्नु पर्नेछ । प्रतिनिधि नियुक्ति गरिएको व्यक्ति यस वित्तीय संस्थाको शेयरधनी हुनु अनिवार्य छ । प्रतिनिधि पत्र (प्रोक्सी फारामहरु) प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा हुनु पर्नेछ ।
३. यस वित्तीय संस्थाको एक्काईसौं वार्षिक साधारण सभा, बोनस शेयर तथा नगद लाभांश प्रयोजनको लागि कम्पनीको शेयर दाखिला खारेज कार्य मिति २०७९/१०/२० गते बन्द रहने छ । साथै शेयरधनी दर्ता पुस्तिका बन्द भएको मिति २०७९/१०/२० को अघिल्लो दिन मिति २०७९/१०/१९ सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट कारोबार भएका शेयर धनीहरुले मात्र साधारण सभामा सहभागी जनाउन, मतदान गर्न र बोनस शेयर प्राप्त गर्न सक्नु हुनेछ ।
४. कम्पनीको वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुलाई कुरियर मार्फत पठाइने छ । कम्पनी ऐन, २०६३ बमोजिमको वार्षिक आर्थिक विबरण, संचालक समितिको प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा कम्पनीको रजिष्टार कार्यालय पुल्चोक, ललितपुरबाट उपलब्ध गराउन सकिने ब्यहोरा जानकारी गराइन्छ । उल्लेखित विबरण संस्थाको वेभसाइट ठेगाना WWW.gmbf.com.np मार्फत् हेर्न सक्नु हुनेछ ।
५. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट सामुहिक रुपले वा समितिबाट आदेश पाएका व्यक्तिले जवाफ दिन सक्नेछ ।
६. निर्वाचन कार्यक्रमको विस्तृत सूचना प्रधान कार्यालयको सूचना पाटीमा टाँसिने छ ।

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको 'ग' वर्गको वित्तीय संस्था
**गुहेश्वरी मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.**